एकैरात पोखराका ३ एटीएममा चोरीको प्रयास, २ जना पक्राउ

धोरपाटन संवाददाता
पोखरा, १० फागुन

पोखरामा रहेका तीनवटा बैंकको एटीएम फोडेर चोरी गर्न खोज्ने दुई जनालाई कास्की प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं.७ स्थायी घर भइ हाल पोखरा १७ धोरपाटन बस्ने २१ वर्षीय सुशील परियार र लमजुङ मर्स्याङदी गाउँपालिका ४ स्थायी घर भइ पोखरा १७ धोरपाटनमै बस्ने २१ वर्षीय अर्जुन भन्ने सुवास गुरुङ रहेका कास्की प्रहरीका प्रवक्ता प्रहरी निरीक्षक ज्ञानबहादुर खड्काले जानकारी दिएका छन्। कास्की प्रहरीका अनुसार उनीहरुले गत राति अर्थात् फागुन ९ गते राति १२:१० बजे पोखरा १० रामबजारमा रहेको एनआइसी एसिया बैंक, बिहान १:२२ मा रामबजारमै रहेको नेपाल बैंक लिमिटेड र नबिल बैंक लिमिटेडको एटीएम मेसिन फोड्ने प्रयास गरेका थिए। प्रहरीका अनुसार उनीहरुले त्यहाँ राखिएको सीसि क्यामेरालाई कागजले छोपेर एटीएम मेसिन फोड्न ढुँगाले हानेका थिए। उनीहरुमाथि चोरी तथा डाँका सम्बन्धी कसुरअन्तर्गत चोरी उद्योग मुद्दामा कास्की जिल्ला अदालतबाट १० दिन म्याद थप गरी थप अनुसन्धान प्रक्रिया अगाडि बढाइएको पनि प्रवक्ता खड्काले जानकारी दिए। यसअघि गएको साउनमा पोखरा महानगरपालिका २६ अमरसिंहचोकमा रहेको एनएमबी बैंकको एटीएम फुटालेर १५ लाख चोरी गरिएको थियो भने गएको असोजमा पोखरा ९ नयाँबजारमा रहेको कृषि विकास बैंक,लेकसाइडमा रहेको एनएमबी बैंकको एटीएममा पनि चोरीको प्रयास भएको थियो। ती घटनामा संलग्नहरुलाई प्रहरीले पक्राउ गरिसकेको छ।

राष्ट्रपति भण्डारी र गण्डकीका मुख्यमन्त्रीबीच भेटघाट

धोरपाटन संवाददाता
पोखरा, १० फागुन

राष्ट्रपति विद्यादेवी भण्डारी र गण्डकीका मुख्यमन्त्री खगराज अधिकारीबीच भेटघाट भएको छ। बागलुङ कालिका मन्दिरको दर्शन गरेर फर्किने क्रममा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा गण्डकीका मुख्यमन्त्रीले राष्ट्रपति भण्डारीसँग भेटघाट गरेका हुन्।

गण्डकीका मुख्यमन्त्रीका प्रेस संयोजक सुमन तिमिल्सिना अनुसार राष्ट्रपतिसँगको भेटमा मुख्यमन्त्रीले पोखराबाट अन्तर्राष्ट्रिय उडानको लागि आवश्यक पहल गरिदिन आग्रह गरेका थिए। भेटमा नेपाल सरकारका मुख्यसचिव शंकरदास बैरागीलगायत विशिष्ट कर्मचारीको पनि उपस्थिति रहेको थियो।

रात्रिकालीन उडानको लागि पोखरा एयरपोर्ट तयार

गएको पुस १७ गते उद्घाटन गरिएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान हुन सकेको छैन। भारतले एयर रुट नदिएको र तत्काल अन्तर्राष्ट्रिय हवाई कम्पनीहरुले पोखरा विमानस्थलप्रति चासो नदेखाएकाले चार्टर्ड बिमानसेवाका सहयोगमा उडान हुन नसकेको पोखरा एयरपोर्टका प्रमुख विकास गौतमले बताए। उनका अनुसार विमानस्थलबाट रात्रिकालीन उडानको पनि तयारी गरिएको छ। उनका अनुसार विमानस्थलमा नयाँ लगाइएको इन्स्ट्रुमेन्ट ल्यान्डिङ सिस्टम (आइएलएस) प्रणालीको सफल परीक्षण सम्पन्न भएको छ। 'हामीले हिजो र आज (मंगल र बुधबार) सबै प्रणालीको चेकजाँच गऱ्यौं,सबै स्वचालित प्रणाली हो,'उनले भने,' भोलि (बिहीबार) दिउँसो हामी राति १२ बजेसम्म एयरपोर्टमा तयारी अवस्थामा रहन्छौं।' रात्रिकालीन उडानको लागि विमानस्थल तयार भए पनि बिहिबारदेखि उडान भने हुनेछैन। 'हामी तयारी अवस्थामा छौं, यो भनेको होटलमा खाना तयार छ, पाहुना आउँछन् कि आउँदैनन् भनेजस्तै हो,'उनले भने,'एयरलाइन्स कम्पनीहरुले रात्रिकालीन उडानको तयारी भने गरिसकेका छैनन् भन्ने जानकारी आएको छ।' उनका अनुसार आइएलएस पूर्ण स्वचालित प्रणाली हो। भिजुअल फ्लाइट रुल (भिएफआर) को तुलनामा यो प्रणाली सुरक्षित र सहज भएको गौतमको भनाइ छ। विमानस्थल प्रमुख गौतमका अनुसार बुद्ध एयरले ५ बजे जहाज पोखरामै राखेर रात्रिकालीन उडान गर्ने तयारी गरेको छ।

पायल्स
फिस्टुला
फिसरको क्षार सूत्र विधिद्वारा उपचार

ह्याडजोर्नी, मानसिक समस्या, पेटरोग, छालारोग, नाक, कान, घाँटीको समस्या, यौन समस्या, महिला रोग आदिको आयुर्वेदिक विधिद्वारा उपचार

Before

After

हाम्रा सेवाहरु :
फिजियो थेरापी, अकुपन्चर, आयुर्वेदिक मसाज, योग, ध्यान, रेकि पंचकर्म, षट्कर्म, प्याथोलोजी ल्याब आदि

न्यूलाइफ आयुर्वेद प्रा.लि.
पृथ्वीचोक, पोखरा
फोन नं. :061-541050, 9856082394

मंगला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाबियाचौर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी सिलबन्दी दरभाउपत्र पत्र आह्वान सम्बन्धी सूचना

(दोस्रो प्रकाशित मिति: २०७९/११/११ गते)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ 'च' (६) को व्यवस्था अनुसार मंगला गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०७९/०७/१५ को निर्णय बमोजिम मंगला गाउँपालिका भित्र बग्ने म्याग्दी नदीको तपसिलको क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी कार्यको लागि मिति २०७९/०९/१५ मा सिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएकोमा कुनै पनि सिलबन्दी दरभाउपत्रदाताबाट प्रस्ताव पेश नभएको हुँदा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE Report)ले औंल्याएको परिमाणभित्र रही घाट गद्दी पश्चात "गण्डकी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०७९" ले तोकेको दरमा ठेक्का बन्दोबस्तको माध्यमबाट बिक्री गर्नुपर्ने भएकोले तोकिएको अङ्कमा नघट्ने गरी तपसिल बमोजिमको शर्तहरुको अधीनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्न इच्छुक फर्म वा कम्पनीले Hard Copy पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि मंगला गाउँपालिकाको सार्वजनिक खरिद नियमावली- २०७९ को परिच्छेद १२, आय ठेक्का बन्दोबस्त सम्बन्धी व्यवस्था, नियम १३८, उपनियम (४), खण्ड (ज) बमोजिम दोस्रो पटक यो सूचना प्रकाशन गरिएको छ।

तपसिल:

ठेक्का नं.	ढुंगा, गिट्टी र बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन गर्ने क्षेत्र	जम्मा परिमाण (घ.मि)	न्यूनतम ठेक्का रकम रु. (मू.अ.कर बाहेक)	धरौटी रकम	सिलबन्दी दरभाउपत्र दस्तुर रु.
MRM/SQ/R/P1/S1/079-080	ढुंगा, गिट्टी र बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी ठेक्का बगरबाट वडा नं. २	१५६०.००	५५०९१४	कबोल अंकको ५ प्रतिशत	१०००।-
MRM/SQ/R/P1/S2/079-080	ढुंगा, गिट्टी र बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी ठेक्का बगरबाट वडा नं. ३	१४१७.५०	५००५१०.१३	कबोल अंकको ५ प्रतिशत	१०००।-
MRM/SQ/R/P1/S3/079-080	ढुंगा, गिट्टी र बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी ठेक्का पञ्चकोटबाट वडा नं. ३	११९३.७५	४१६८०७.८१	कबोल अंकको ५ प्रतिशत	१०००।-

शर्तहरु:

१. इच्छुक फर्म, कम्पनीले मिति: २०७९ फागुन १७ गते कार्यालय समयसम्म मंगला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट दरभाउपत्र फाराम खरिद गरी मिति २०७९ फागुन १८ गते दिनको १२ बजेभित्र मंगला गाउँ कार्यपालिकाको कार्यालयमा सिलबन्दी दरभाउपत्र पेश गरिसक्नुपर्नेछ। उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिनको १२ बजेभित्र सिलबन्दी दरभाउपत्र पेश गरिसक्नुपर्नेछ।
२. सिलबन्दी दरभाउपत्र भर्दा कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। आफूले कबोल गरेको अंकको ५ प्रतिशत ले हुन आउने रकम धरौटी बापत यस कार्यालयको नाममा प्रभु बैंक लिमिटेडको नाममा रहेको धरौटी खाता नं. १५००११०३०१३०००६१ मा जम्मा गरी सो को भौचर वा 'क' वर्गको बैंकको बैंक ग्यारेन्टी (९० दिन म्याद) पेश गर्नुपर्नेछ।
३. सिलबन्दी दरभाउपत्रको फाराम यस कार्यालयमा नगदै रु. १,०००।- (अक्षरेपी: एक हजार) बुझाई वा यस कार्यालयको नाममा प्रभु बैंक लिमिटेडमा रहेको आन्तरिक राजस्व खाता नं.१५००११०३०१००१०१ मा रु. १,०००।-जम्मा भएको सक्कल भौचर पेश गरी लिनुपर्नेछ।
४. खरिद गरेको सिलबन्दी दरभाउपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी फर्म दर्ता, नवीकरण, आ.व. २०७८/०७९ को करचुक्ता प्रमाणपत्र, Self Declaration, सिलबन्दी दरभाउपत्रको दस्तुर र धरौटी रकमको भौचर समावेश गरी खामबन्दी गरी लाहाछाप लगाई सम्बन्धित फर्म र प्रतिनिधिको सहीछाप गरी पेश गर्नुपर्नेछ।
५. रीतपूर्वक पर्न आएका सिलबन्दी दरभाउपत्र दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा मिति: २०७९ फागुन १८ गते दिनको १ बजे खोलिनेछ। उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ। साथै दरभाउपत्रदाता वा निजको प्रतिनिधि सिलबन्दी दरभाउपत्र खोल्ने समयमा उपस्थित नभएमा सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।
६. घाटगद्दी स्थल तोकिएको बगरबाट मात्र ढुङ्गा, गिट्टी, बालुवाजन्य उत्खनन तथा बिक्री वितरण गर्नुपर्नेछ।
७. रीत नपुगी पेश हुन आएका सिलबन्दी दरभाउपत्रहरु स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन। सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
८. सिलबन्दी दरभाउपत्र स्वीकृत भएमा सो को सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिई ठेक्का अङ्कको प्रथम किस्ताबापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। दोस्रो किस्ताबापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा २०८० साल श्रावण मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी म्हा उठाउनुपर्नेछ। ठेक्का कबोल गर्ने फर्मले आफूले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत मूल्य अभिवृद्धि कर (VAT) रकम यस कार्यालयमा बुझाउनुपर्ने छ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर व्यवसायीले छुट्टै बुझाउनु पर्नेछ।
९. सिलबन्दी दरभाउपत्रमा प्रस्तावकले रीतपूर्वक सहीछाप गरेको हुनुपर्नेछ।
१०. तोकिएको म्यादभित्र म्हा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का बन्दोबस्त गरिनेछ।
११. नदीहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा नदीजन्य निर्माण सामाग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन, नेपाल सरकारबाट स्वीकृत ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ (दोस्रो संशोधन २०७९), नेपाल सरकारबाट भएका निर्देशनहरु, मंगला गाउँपालिका भित्र बग्ने म्याग्दी नदीको विभिन्न क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवाको दिगो उत्खनन्, सङ्कलन कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंगको रुपमा रहनेछन्।
१२. ठेक्का सम्बन्धी विस्तृत जानकारी सिलबन्दी दरभाउपत्र फारामा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।
१३. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा नेपाल सरकारका अन्य प्रचलित कानुन अनुसार हुनेछ।

नोट: विस्तृत जानकारीको लागि यस कार्यालयको वेबसाइट www.mangalamun.gov.np समेत हेर्न सकिनेछ।

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

मुस्ताङ अस्पताल जोमसोम
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी ७ दिने सूचना

दोस्रो पटक प्रकाशित मिति : २०७९/११/११

मुस्ताङ जिल्ला अस्पतालमा आकस्मिक प्रसूति शल्यक्रिया (CEONC) सेवा सुरुवात भएको हुँदा करारमा लिई कर्मचारी पदपूर्ति गर्नु पर्ने भएकोले देहाय बमोजिमको पदमा इच्छुक नेपाली नागरिकहरुलाई दरखास्त दिनका लागि यो सूचना प्रकाशित गरिएको छ।

क्र.सं.	विज्ञापन नं.	पद	सेवा/समूह/उपसमूह/तह	माग पद संख्या	काम गर्नुपर्ने स्थान
१	०४/२०७९/०८०	एनेस्थेसिया सहायक (Anesthesia Assistant)	स्वास्थ्य सेवा/विविध/एनेस्थेसिया/चौथो तह	१ (एक)	मुस्ताङ जिल्ला अस्पताल

१.परीक्षाको किसिम:- अन्तर्वार्ता **२. आवश्यक न्यूनतम योग्यता:-** कम्तिमा १ वर्षको तालिम लिएको हुनुपर्ने र NHPC दर्ता भएको हुनुपर्ने। **३.उमेरको हद:-** १८ वर्ष पुरा भइ ४५ वर्ष ननाघेको हुनुपर्नेछ। **४.दरखास्त दिने अन्तिम मिति:-** २०७९/११/१७ गते कार्यालय समयभित्र (दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्टसम्म दरखास्त दिन पाईनेछ) गतेसम्म। **५. दरखास्त दस्तुर:-** रु ५००, राजस्व खाता नं. नेपाल बैंक लिमिटेड, २३३०२०००००१००१०००००१ , राजस्व शिर्षक नं. १४२२९ र कार्यालय कोड नं. ३४४०८२१०१४ मार्फत जम्मा गर्नुपर्नेछ। **६. तलब स्केल:-** आपसी समझदारीमा (निवेदकले आर्थिक प्रस्ताव पेश गर्नुहोला) हुनेछ। **७. अन्य सेवा सुविधाहरु:-** करार सम्झौता बमोजिम। **८. कामको विवरण:-** पद अनुकूल/सेवा समूह सम्बन्धि। **९. प्रक्रिया:-** दरखास्त निवेदन यस कार्यालयको ईमेल ठेगाना jomsomhospital@gmail.com मार्फत पनि पठाउन सकिनेछ।

पेश गर्नुपर्ने कागजातहरु:
१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। २. शैक्षिक योग्यता, तालिम, अनुभवको प्रमाणित प्रतिलिपि। ३. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति। ४. दरखास्त दस्तुर तिरेको सक्कली भौचर। ५. निवेदन।
परीक्षाको मिति, समय र स्थान:- मिति २०७९/११/१८ गते बिहिबार, समय बिहान ११.०० बजे, स्थान:- मुस्ताङ जिल्ला अस्पताल।
थप जानकारीका लागि सम्पर्क नं. ९८२७५४१९४४४

डा.विशाल तिवारी
चि.मे.सु.

... Email: dailydhorpatan@gmail.com ...